**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 29.06.2024**

---

- **Pakyong Joint Inspection**

पाकिम जिल्ला प्रशासन र ग्रिनफिल्ड विमानास्थल, पाकिमका प्रतिनिधिहरूको एउटा संयुक्त टोलीले आज पाकिम बजार वरपर र ग्रीनफिल्ड विमानस्थल नजिकका क्षेत्रहरूमा लगातार परेको वर्षाका कारण भएको क्षतिको आकलन गऱ्यो।

जिल्लाधीश श्री अग्वाने रोहन रमेशको अगुवाइमा गएको टोलीमा अन्य बाहेक अतिरिक्त जिल्लापाल (विकास) श्री रोबिनप्रसाद सेवा, महकुमा अधिकारी श्री धनमान सुब्बा, राष्ट्रिय राजमार्ग तथा पूर्वाधार विकास निगम लिमिटेड र भारतको विमानास्थल प्राधिकरणका प्रतिनिधिहरू थिए।

टोलीले भानु गोलाई र डिक्लिङ सड़क परिसरको निरीक्षण गर्दै क्षय-क्षतिको आकलन गरेको छ। यसका साथै पानी बग्ने च्यानलको जाँच गर्न र भारी वर्षाबाट भएको क्षतिको मूल्याङ्कन गर्न ग्रीनफिल्ड विमानस्थलको पनि विस्तृत रूपमा निरीक्षण गरियो।

NHIDCL र विमानास्थल प्राधिकरणका प्रतिनिधिहरूले अवस्थामाथि चिन्ता व्यक्त गर्दै पानीको बहाउ प्रक्रियाको प्रबन्धबारे सम्बोधन गर्नमा रहेको योजना प्रस्तुत गरे। प्रतिनिधिले जिल्लामा खाने पानीको अभावलाई स्वीकार गर्दै जतिसक्दो चाँडो समस्या समाधान गर्ने प्रतिबद्धता जनाएको छ।

जिल्लाधीशले सम्बन्धित विभागलाई जवाफदेही हुनुपर्छ भन्दै जिल्लावासीको सम्पत्तिमा ठूलो असर परिरहेकाले समस्या समाधान गर्दै समन्वय कायम गर्ने आग्रह गर्नुभयो। उहाँले प्रभावित परिवारसित अन्तरक्रिया गर्नका साथै उनीहरूको आवश्यकता पूरा गर्न उचित सहयोग उपलब्ध भएको सुनिश्चित गर्दै उनीहरूको गुनासो सुन्नुभयो।

जिल्लाधीशले NHIDCL र प्राधिकरणका अधिकारीहरूलाई यहाँको झोड़ा र ढल निकास प्रणाली पुनर्स्थापनाको दिशामा काम गर्न आग्रह गर्नुभयो, ताकि पानी सही दिशामा मोड़्न सकियोस्।

- ----------------------------------------X--------------------------------------**Mangan DM**

मंगनका जिल्लाधीश श्री अनन्त जैनले यस जिल्लाका सड़क मार्गहरूको निर्माण र मरम्मत सम्बन्धमा आपदा प्रबन्धन ऐन 2005-को धारा तीसअन्तर्गत आज ठूला कार्यान्वयन एजेन्सीहरूलाई आदेश जारी गर्नुभएको छ। यसमा सड़क एवं पूल राष्ट्रिय राजमार्ग प्रभाग, सड़क तथा पूल विभाग, 86 RCC GREF, 87 RCC GREF, 107 RCC GREF र ग्रामीण विकास विभागअन्तर्गत प्रधानमन्त्री ग्राम सड़क योजना रहेका छन्।

केहि दिनअघि भएको स्थलगत निरीक्षण अवधि जिल्लाधीशको जानकारीमा आएअनुसार सड़क मार्ग खोलिएको र बन्द भएको अवस्था अनि चालू कार्य प्रगतिको विवरणबारे हितधारकहरूलाई कुनै सूचना दिइएको थिएन।

आदेशमा जिल्लामा उचित सम्पर्क सुनिश्चित गर्न सड़क र पुलसित सम्बन्धित निर्माण, जीर्णोद्धार र विकास कार्यको जाँच गरिनुपर्ने विषयलाई पनि उल्लेख गरिएको छ।

एजेन्सीहरूलाई दैनिक रूपमा सड़क मार्गको अवस्थाको रिपोर्ट बिहान सात तीससम्ममा जारी गर्ने निर्देश दिइएको छ। यसका साथै अहिलेसम्म बन्द रहेका सड़क मार्गको दैनिक कार्य प्रगतिको रिपोर्ट बेलुका चार बजीसम्ममा एजेन्सीका अधिकारी प्रभारीले जिल्लाधीशलाई बुझाउनुपर्नेछ। यसमा भनिएअनुसार एजेन्सीका सम्बन्धित अधिकारी प्रभारीले विदामा रहेको जानकारी जिल्लापाललाई गराउन सल्लाह दिइएको छ।

----------------------------------------X--------------------------------------

- **Sikkim BRO Visit**

कलकत्तामा पूर्वी कमान मुख्यालयका मुख्य अभियन्ता मेजर जनरल प्रवीण बद्रीनाथले सिक्किममा आपदा प्रभावित क्षेत्रहरूको भ्रमण गर्दै सड़क आधारभूत पूर्वाधारमा भएको नोक्सानको आकलन गर्नुभयो। यस अवधि उहाँसित सीमा सड़क संगठन (BRO) परियोजना स्वस्तिकका मुख्य अभियन्ता ब्रिगेडियर मनोज गुप्ता पनि हुनुहुन्थ्यो। उहाँले भ्रमणअवधि जङ्गु क्षेत्र, लाचेन र लाचुङका लागि सड़क

सम्पर्क बहाल गर्ने योजना बनाउनका साथै मंगन जिल्लाका लागि प्रत्येक मौसममा सम्पर्क बनाइराख्ने स्थायी समाधानबारे चर्चा गर्नुभयो।

टिस्टा नदीमा नवनिर्मित तीन सय बीस फुटको बेली सस्पेन्शन ब्रिज सुदूर जङ्गू क्षेत्रमा परिवहन आर्थिक गतिविधि र आवश्यक सेवासम्म पहुँचमा सुधार गर्न तयार गरिएको छ।

--------------------------------------X--------------------------------------

- **PM Mann Ki Baat**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भोली बिहान एघार बजी आकाशवाणीबाट मन की बात कार्यक्रममा देश-विदेशका मानिसहरूसित आफ्नो विचार साझा गर्नुहुनेछ। यो मासिक रेडियो कार्यक्रमको एक सय एघारौं प्रकरण हुनेछ। श्री मोदीले लगातार तेस्रोपल्ट प्रधानमन्त्री पद सम्हालेपछि मन की बातको यो पहिलो प्रकरण हुनेछ। यो कार्यक्रम आकाशवाणी र दूरदर्शनका सबै नेटवर्क, आकाशवाणी समाचार वेबसाइट र newsonair मोबाइल ऐपमा प्रसारित गरिनेछ।

--------------------------------------X--------------------------------------

- **CM Message**

आज असार महिनाको पन्द्र गते हो। असार पन्द्रको अवसरमा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले राज्यवासीलाई शुभकामना दिनुभएको छ। पौराणिक कालदेखि मानेको यस परम्परामा प्रायजसो प्रत्येक घरमा दही चिउरा खाने चलन छ भन्दै मुख्यमन्त्रीले सबैको धरातल खेती भएकाले यस पर्वले सबैको हृदयलाई स्पर्श गरेको बताउनुभएको छ।

--------------------------------------X--------------------------------------

- **Soreng Sports**

खेलकुद एवं युवा मामिला विभाग, सोरेङद्वारा जौटार स्टेडियममा आयोजित प्रारम्भिक सुब्रतो मुखर्जी जिल्ला स्तरीय अन्तर विद्यालय फुटबल प्रतियोगिताको आज समापन भयो। यसै महिनाको पच्चीस

तारिकदेखि शुरू भएको प्रतियोगिताको अन्तिम दिन सोरेङ-च्याखुङ क्षेत्रका पूर्व विधायक श्री आदित्य गोले मुख्य अतिथि हुनुहुन्थ्यो।

पन्द्र र सत्र वर्ष मुनिको आयुगरी दुई वर्गमा आयोजित प्रतियोगिताका विजेता दलले गान्तोकको पाल्जोर स्टेडियममा हुने राज्य स्तरीय अन्तर विद्यालय फुलटल प्रतियोगितामा सोरेङ जिल्लालाई प्रतिनित्व गर्नेछन्।

प्रतियोगिताको फाइनलमा पन्द्र वर्षको आयु वर्गमा सोमबारे विद्यालयले डन बोस्को विद्यालयमाथि विजय दर्ता गरेको छ भने सत्र वर्षको वर्गमा भएको खेलमा सोमबारे विद्यालयले टिम्बुरबुङ विद्यालयलाई हराएको छ।

---------------------------------------X---------------------------------------